**<u>प्रस्तावहरु:</u>**

२०८२/०८३-१३।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा

२०८२/०८३-१३।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०८२/०८३-१३।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।

२०८२/०८३-१३।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधि/कर्मचारीहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।

२०८२/०८३-१३।०५ राजश्व परामर्श समिति लगायत विषगत समितिहरुको प्रतिवेदन सम्बन्धमा।

२०८२/०८३-१३।०६ ससत्र प्रहरी बल मालेपाटन तथा इलाका प्रहरी कार्यालय डाँडाकोनाकलाई बिपद् व्यवस्थापन सामग्री खरिद सम्बन्धमा ।

२०८२/०८३-१३।०७ आ.व २०८१।०८२ को लेखापरीक्षण प्रतिवेदनको छलफल सम्बन्धमा।

२०८२/०८३-१३।०८ आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

२०८२/०८३-१३।०९ आर्थिक विधेयक, २०८३ सम्बन्धमा ।

२०८२/०८३-१३।१० आर्थिक वर्ष २०८३।०८४ को राजस्व र व्ययको अनुमान सहित वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा ।

२०८२/०८३-१३।११ जलसिद्ध महादेव मन्दिरको डिपिआर सम्बन्धमा ।

२०८२/०८३-१३।१२ मौरी गोला सहित घार, खाली घार तथा मौरीजन्य सामग्री खरिद कार्यका लागि अनुगमन तथा प्रमाणीकरण समिति गठन सम्बन्धमा ।

२०८२/०८३-१३।१३ रूपा गाउँपालिका वडा नं ७ जाने मोटरबाटोमा रिलिङ निर्माण सम्बन्धमा।

२०८२/०८३-१३।१४ जेसिबी मर्मत सम्बन्धमा ।

२०८२/०८३-१३।१५ जिल्ला प्रहरी कार्यालय तथा सरकारी वकिलको कार्यालयलाई भुक्तानी दिने सम्बन्धमा ।

२०८२/०८३-१३।१६ विविध सम्बन्धमा ।

- खर्च अनुमोदन/भुक्तानी सम्बन्धमा ।
- गाउँपालिकाका मुख्य नाकामा सिसि क्यामेरा जडान सम्बन्धमा ।
- नव प्रशासकीय भवन उद्घाटनको खर्च सम्बन्धमा ।
- प्रशासकीय भवनको इन्टरियल डिजाइनको DER संसोधन सम्बन्धमा ।
- शिक्षक छनौट कार्यविधि, २०८३ स्वीकृत सम्बन्धमा ।
- गाउँसभा अधिवेशन सम्बन्धमा ।

रुपा गाउँपालिका कास्की

**निर्णयहरुः**

**कार्यपालिका निर्णय नं २०८२/०८३-१३।०१**

प्रस्ताव नं २०८२/०८३-१३।०१ उपर छलफल गर्दा १८०औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था बारेमा छलफल तथा समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-१३।०२**

प्रस्ताव नं २०८२/०८३-१३।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-१३।०३**

प्रस्ताव नं २०८२/०८३-१३।०३ उपर छलफल गर्दा संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-१३।०४**

प्रस्ताव नं २०८२/०८३-१३।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तथा यस गाउँपालिकामा भए गरेका तपसिलका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

तपसिलः

जिल्ला समन्वय समिति नदिजन्य पदार्थको बारेमा छलफल

**कार्यपालिका निर्णय नं २०८२/०८३-१३।०५**

प्रस्ताव नं २०८२/०८३-१३।०५ उपर छलफल गर्दा राजस्व परामर्श समितिद्वारा पेस भएको आर्थिक बर्ष २०८२/०८३ को रुपा गाउँपालिका कास्कीको आर्थिक बिधेयक, २०८३ तथा विभिन्न बिषयगत शाखाहरूबाट पेस भएका बिषयगत प्रतिवेदनउपर दफाबार छलफल गरी संशोधन सहित आगामी गाउँसभामा पेस गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-१३।०६**

प्रस्ताव नं २०८२/०८३-१३।०६ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

क) ससत्र प्रहरी बल नेपाल नं .२४ गण हे .क्वा .कालिका, कास्कीको चलानी नं २४८ ,मिति २०८३।०१/०८ को पत्रानुसार विपद् व्यवस्थापन सम्बन्धी सामग्रीहरू उपलब्ध गराउन अनुरोध भएकाले वर्षादको समयमा हुन सक्ने विपद्को पुर्व तयारी तथा प्रतिकार्यमा आवश्यक गोताखोरसम्बन्धी सामग्रीहरू खरिद गर्न उक्त गणलाई अनुमति प्रदान गर्ने ।सो कार्यका लागि विपद् व्यवस्थापन कोषबाट खर्च लेख्ने र रकम रू ४ लाख नबढ्नेगरी स्रोत सुनिश्चितता गर्ने निर्णय गरियो।

ख) इलाका प्रहरी कार्यालय शिशुवा कास्कीको चलानी नं ५५३४, मिति २०८३/०२/०५ को पत्रानुसार विपद् उद्धार सामग्री उपलब्ध गराउन अनुरोध भएकाले उक्त कार्यालयका लागि सामग्रीहरू खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

रुपा गाउँपालिका कास्की

**<u>कार्यपालिका निर्णय नं २०८२/०८३-१३।०७</u>**

प्रस्ताव नं २०८२/०८३-१३।०७ उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयद्वारा पेस भएको आ.व २०८१।०८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरी प्रतिवेदनले औंल्याएकाकमीकमजोरीलाई सुधार गर्दै उक्त प्रतिवेदनमा उल्लेख गरिएका सुझाबहरूलाई कार्यान्वयमा लैजाने तथा नियमित गर्नुपर्ने बेरूजुलाई आवश्यक कागजात संकलन गरी आगामी गाउँसभामा नियमित गर्नका लागि पेस गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८२/०८३-१३।०८</u>**

प्रस्ताव नं २०८२/०८३-१३।०८ उपर छलफल गर्दा गाउँपालिका अध्यक्षद्वारा पेस भएको रूपा गाउँपालिका कास्कीको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमको बुदाँगत छलफल गरी संशोधन सहित अनुमोदनका लागि आगामी गाउँसभामा पेस गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८२/०८३-१३।०९</u>**

प्रस्ताव नं २०८२/०८३-१३।०९ उपर छलफल गर्दा राजस्व परामर्श समितिद्वारा पेस भएको आर्थिक बर्ष २०८३/०८४ को रुपा गाउँपालिका कास्कीको आर्थिक विधेयक, २०८३ दफावार छलफल गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८२/०८३-१३।१०</u>**

प्रस्ताव नं २०८२/०८३-१३।१० उपर छलफल गर्दा रुपा गाउँपालिका कास्कीको बजेट तथा कार्यक्रम तर्जुमा समितिद्वारा पेस भएको आर्थिक बर्ष २०८३/८४ को राजस्व र व्ययको अनुमान सहित वार्षिक बजेट तथा कार्यक्रमका बुँदाहरु छलफलको क्रममा रहेकाले बाँकी बुदाँहरूमा छलफलको लागी आगामी कार्यपालिकाको बैठकमा पेस गर्ने निर्णय गरियो।

**<u>कार्यपालिका निर्णय नं २०८२/०८३-१३।११</u>**

प्रस्ताव नं २०८२/०८३-१३।११ उपर छलफल गर्दा रूपा गाउँपालिका वडा नं ६ मा रहेको जलसिद्ध महादेव मन्दिरको डिपिआर प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८२/०८३-१३।१२</u>**

प्रस्ताव नं २०८२/०८३-१३।१२ उपर छलफल गर्दा आर्थिक वर्ष २०८२।०८३ मा रूपा गाउँपालिका सञ्चालन भएको मौरी प्रवर्धन सम्बन्धी कार्य सञ्चालनार्थ मौरी गोला सहित घार, खाली घार तथा मौरीजन्य सामग्री बितरणका लागि तपसिल बमोजिम अनुगमन तथा प्रमाणीकरण समिति गठन गरियो ।

तपसिलः

संयोजकः लालसुब्बा गुरूङ उपाध्यक्ष

सदस्यः दिपेन्द्र गौतम वडाध्यक्ष

सदस्यः राजेन्द्र न्यौपाने वडा सदस्य

सदस्यः रमेश पौडेल मौरी विज्ञ

सदस्यः मदन पौडेल बनजङ्गल सम्बन्धी विज्ञ

सदस्यः कविता बसौला  मौरी व्यवसायी

सदस्यः रबिन शाही मौरी व्यवसायी

**कार्यपालिका निर्णय नं २०८२/०८३-१३।१३**

प्रस्ताव नं २०८२/०८३-१३।१३ उपर छलफल गर्दा रूपा ७ स्थित तालबेशी-काउरे र सग्रबास-रामकोट सडक भिरालो र जोखिमयुक्त भइ दिनहुँजसो दुर्धटना घट्ने भएकाले उक्त क्षेत्रहरूमा छेकाबार लगाउन भनी विपद् व्यवस्थापन समितिको निर्णयसहित वडाको सिफारिस पेस भएकाले उक्त क्षेत्रमा विपद् व्यवस्थापन कोषबाट खर्च लेख्नेगरी रकम रू ४ लाख स्रोत सुनिश्चिता गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०८२/०८३-१३।१४**

प्रस्ताव नं २०८२/०८३-१३।१४ उपर छलफल गर्दा यस कार्यालयको नाउँमा रहेको व्याक्हो लोडरको स्टेरिङ सिलिन्डर बिग्रिएको र नियमित सर्भिसिङ गर्नुभपर्ने भइ चालु अवस्थामा नरहेको र बर्षाको समयमा विपद् प्रतिकार्य/बाटो सरसफाइ/विपद् व्यवस्थापन लगायतका कार्य गर्न कठिनाई भएकाले उक्त साधन मर्मत गर्नका लागि लागत अनुमान सहित पेस भएका कागजातका आधारमा हुन आउने रकम रू २,२०,०००/- नबढ्ने गरी मर्मत गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-१३।१५**

प्रस्ताव नं २०८२/०८३-१३।१५ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) भदौ २३ र २४ गतेको जेन्जी प्रदर्शनका क्रममा जिल्ला प्रहरी कार्यालय कास्कीमा आगजानी भइ सम्पुर्ण सामग्रीहरू नष्ट भएकाले सेवा प्रवाह तथा शान्ति सुरक्षाका लागि अप्ठ्यारो भएको भनी कम्प्युटरजन्य सामग्रीहरू खरिद गरी सरकारी जिन्सीमा दाखिला गरी संलग्न कागजात समेत पेस गरेकाले उक्त खर्च अनुमोदन गरी रकम रू ९९ हजार नबढ्नेगरी भुक्तानी दिने निर्णय गरियो ।

ख) भदौ २३ र २४ गतेको जेन्जी प्रदर्शनका क्रममा सरकारी वकिलको कार्यालयमा आगजानी भइ सम्पुर्ण सामग्रीहरू नष्ट भएकाले सेवा प्रवाह तथा शान्ति सुरक्षाका लागि अप्ठ्यारो भएको भनी फर्निचरजन्य सामग्रीहरू सहयोग गर्न अनुरोध भएकोमा उक्त सामग्रीहरू खरिद गरी सरकारी जिन्सीमा दाखिला गरी संलग्न कागजात समेत पेस गरेपछि भुक्तानी हुनेगरी रकम रू १ लाख नबढ्नेगरी स्रोत सुनिश्चितता गरी खरिदका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-१३।१६**

प्रस्ताव नं २०८२/०८३-१३।१६ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) रूपा गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका तपसिलका सहकारी संस्थाहरूलाई निवेदन र कागजातका आधारमा पेस भएका कागजातहरू रूजु तथा आवश्यकताको पहिचान गरी तपसिल बमोजिमको अनुदान रकम हस्तान्तरण गर्ने निर्णय गरियो ।

| क स | सहकारीको विवरण | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १ | सार्दीखोला कफि सहकारी संस्था लि. रूपा ७ कास्की | बढीमा १ लाख | |
| २ | गुणस्तरीय सहकारी संस्था लि. रूपा ५ | बढीमा १ लाख | |

| | | | |
|---|---|---|---|
| ३ | रूपा मत्स्य सहकारी संस्था लि. रूपा | बढीमा १ लाख | |

ख) रूपा गाउँपालिकाका तपसिलका योजनाहरू देहायबमोजिम स्रोत सुनिश्चितता गरी कार्यान्वयनको कारबाही अगाडि बढाउने निर्णय गरियो ।

| क स | परियोजनाको विवरण | ठेगाना | स्रोत सुनिश्चित | कैफियत |
|---|---|---|---|---|
| १ | देउराली चिसापानी हुलाकी बाटो मर्मत | रूपा ५ | ४० हजार | कार्यपालिकाको निर्णयबाट हुने पूँजीगत खर्च शीर्षक |
| २ | पौवा गुठी सार्वजनिक शौचालय | रूपा ५ | १ लाख | कार्यपालिकाको निर्णयबाट हुने पूँजीगत खर्च शीर्षक |
| ३ | फेदी बसौला बगर खेत कुलो विद्युतीय मर्मत | रूपा ५ | ४० हजार | सिँचाइ |
| ४ | खडागाउँ सिडीबाटो मर्मत | रूपा ५ | ५० हजार | कार्यपालिकाको निर्णयबाट हुने पूँजीगत खर्च शीर्षक |

ग) रूपा गाउँपालिका कास्कीका तपसिल वमोजिमका व्यक्तिहरुलाई पुनर्स्थापना केन्द्रमा उपचार गर्नुपर्ने देखिएको भनी निजहरूको पुनर्स्थापना केन्द्रमा उपचाररत रहेको र निजहरूको आर्थिक अवस्था दयानीय रहेको भनी वडाको सिफारिस सहित निवेदन पेस गरेकाले लागुपदार्थ दुर्व्यसनी ,आत्महत्या दुरुत्साहन तथा कुलतमा लागेका व्यक्तिहरुका लागि पुनर्थापना ,सचेतना तथा व्यवस्थापन खर्च (आन्तरिक राजस्व बाँडफाँड) शीर्षकबाट लेख्ने गरी कार्यक्रम सञ्चालन भएकोमा उक्त शीर्षकमा रकम नभएकाले **SAMI विविध कार्यक्रम** खर्च शीर्षक मार्फत खर्च रकम भुक्तानी लेख्नेगरी तपसिलका व्यक्तिहरूलाई देहायको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क.स. | नामथर | ठेगना | पुनर्थापना केन्द्रको नाम, ठेगाना | समयावधी | कुल खर्च रकम | निर्णय गरिएको आर्थिक सहयोग रकम | कै |
|---|---|---|---|---|---|---|---|
| १ | रामचन्द्र मल्ल | रुपा ४ धामिगाउँ | हाम्रो परिवार नेपाल | ४ महिना | ६०,००० | ४५००० | |
| २ | विनय मल्ल | रुपा ४ ठकुरी गाउँ | हाम्रो परिवार नेपाल | ४ महिना | ६०,००० | ४५,००० | |
| ३ | मन राज मल्ल | रुपा ४ ठकुरीगाउँ | हाम्रो परिवार नेपाल | ४ महिना | ६०,००० | ४५,०००० | |
| ४ | देवी वस्नेत | रुपा ३ | कोशिस | | | २०,००० | |
| ५ | चन्द्रावती | रुपा ७ | कोशिस | | | २५,००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सापकोटा | | | | | | |
| ६ | धर्मराज न्यौपाने | रुपा ७ | नव जिवन नेपाल | | | ४०,००० | |
| ७ | निर्जन परियार | रुपा ७ | गेटवे फाउन्डेसन | | | ४०,००० | |
| कुल जम्मा | | | | | | २,६०,००० | |

साथै उल्लिखित व्यक्तिहरूको लागि प्रदान गरिने आर्थिक सहायता निजहरूलाई राखिएका तपसिलका पुनर्स्थापना केन्द्रलाई देहायको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

देहायः

| क स | पुनर्स्थापना केन्द्रको विवरण | भुक्तानी हुने रकम | कैफियत |
|---|---|---|---|
| १ | कोशिस नेपाल | ४५०००/- | |
| २ | गेटबे फाउन्डेसन | ४००००/- | |
| ३ | हाम्रो परिवार | १३५०००/- | |

घ) रूपा गाउँपालिकाका विभिन्न क्षेत्रहरू चोरी सम्बन्धी घटनाहरू बढ्न थालेकाले उक्त घटनाको न्युनीकरण गरी जनधनको सुरक्षा कायम गराउन रूपा गाउँपालिकाका मुख्य नाका (८ स्थान) मा सिसि क्यामेरा जडान गर्ने निर्णय गरियो ।

ङ) यस गाउँपालिकाको रूप- ६ स्थित फालभञ्ज्याङमा रहेको नवनिर्मित प्रशासकीय भवन निर्माण सम्पन्न भइ मिति २०८३।०१।३० गते धार्मिक अनुष्ठान सहित भव्य उद्घाटन भएकाले सो कार्यक्रम बापत भएको तपसिलको खर्च अनुमोदन गरी भुक्तानी दिने निर्णय गरियो ।

तपसिलः

| क स | विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|
| १ | खाजा खाना व्यवस्थापन तर्फ | १५३७९५ | |
| २ | सम्मानपत्र, सिलालेख, व्यानर, मायाको चिनो मह र घिउ समेत | १०८००७ | |
| ३ | खानेपानी, सरसफाइ, स्वयंसेवक परिचालन तथा खाजा | ६८७६५ | |
| ४ | मञ्च व्यवस्थापन, साउण्ड सिस्टम. ध्वजापताका | ११८००० | |
| ५ | झाँकी ब्राह्मण स्वागत, ब्राह्मण व्यवस्थापन, खाना तथा पूजास्थल व्यवस्थापन तथा भजन, बाजा, सुरक्षा, पूजा सम्बद्ध स्थानीय बस्तुहरू | १३९००० | |
| ६ | यातायात व्यवस्थापन | १५००० | |
| जम्मा | | ६०२५६७ | |

च) रूपा गाउँपालिका कास्कीको २० औं गाउँसभा अधिवेशन तपसिलको मिति, समय र स्थानमा सञ्चालन गर्ने र सोको लागि आवश्यक तयारीमा लाग्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिलः
मितिः २०८३/०३/०९ गतेदेखि
समयः दिउँसो १:०० बजेदेखि
स्थानः गाउँपालिका केन्द्रको सभाहलमा

मिति २०८३ जेठ २७ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(अनन्त राज न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत
रूपा गाउँपालिका कास्की

मितिः.......................

रूपा गाउँपालिका कास्की